कीर्तिपुरको चित्रण

काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

# कीर्तिपुर सन्देश

KIRTIPUR SANDESH WEEKLY

साप्ताहिक

वर्ष ५ अंक २८ (संयुक्तांक २३३) ने. सं. ११३६ सिल्लाथ्व दशमि बुधवाः २०७२ फागुण ०५ गते बुधवार (Feb 17, 2016) मूल्य रु.५/- पृष्ठ १२

India's 1 Playschool Chain

SHEMROCK SIMRIK



## Admission Open

PreNursery to Kindergarten

Delhi's No. 1 Preparatory School

FEATURES >>

- Well Conceptualized & Child-Friendly Environment
- Unique Shemrock System of Education
- Activity Oriented Shemrock Learning Material
- Theme-based Activities
- Basic Skill Development
- All Round Personality Grooming
- Nutritious & Hygienic Mid-Day Meals
- Stage Exposure, Regular Picnics & Celebrations
- Bright & Colurful School Dress
- Transport Facility with Attendants
- Periodic Health Check Up
- Regular Parents Teachers Interaction
- Caring & Well-Trained Teachers
- Supported by Foreign Qualified Educationists

"First Time Montessori School in Kirtipur"



SHEMROCK SIMRIK

Int'l Pre-School

Bahiri gaun, Kirtipur - 17

Call: 4330646, 9841353526

## आवश्यकता

यस दर्शन बचत तथा ऋण सहकारी संस्था लि. को लागि तपशिल बमोजिमको कर्मचारीहरु आवश्यकता परेको हुँदा इच्छुक नेपाली उम्मेदवार ले १५ दिन भित्र दरखास्त दिनुहुन अनुरोध गरिन्छ ।

तपशिल

| पद | संख्या | योग्यता |
|---|---|---|
| १) बजार प्रतिनिधिः | ५ जना | साधारण लेखपढ गृहिणीलाई विशेष ग्राह्यता |
| २) क्यासियरः | २ जना | प्लस टू पास |
| ३) साहायक लेखापालः | २ जना | विविएस/विकम पास |

**दर्शन वचत तथा ऋण सहकारी सं. लि.**

नयाँबजार, कीर्तिपुर, काठमाडौं ।

फोन नं. ४३३४२३५

## कोरियन

भाषा कक्षाहरु संचालन भइरहेका छन्

# VALLEY

Institute Kirtipur

NEAR KIRTIPUR NEW GATE Ph: 01-4332509

- दैनिक ३ घण्टा EPS-Topic परीक्षाको लागि तयारी कक्षा र हरेकदिन Class Test को व्यवस्था ।
- Books/CDsहरुको राम्रो व्यवस्था साथै Audio/Visual र Exercise and Question Books को व्यवस्था ।
- EPS-TOPIKको परीक्षालाई मध्यनजर गरी परीक्षामा विद्यार्थीहरुले सामना गर्नु पर्ने सम्भावित समस्याहरुलाई सम्बोधन गर्ने गरी हरेक हप्तामा छुट्टै Full Model Test (Weekly Test)
- नियमित परीक्षाहरुको माध्यमबाट विद्यार्थीहरुको स्तर छुट्याई सोही अनुरुपकोविशेष कक्षाहरुको व्यवस्था
- कमजोर विद्यार्थीहरुले Supporing Class अनिवार्य रुपमा लिने व्यवस्था
- विगतका वर्षहरुमा विद्यार्थीहरुलाई सर्वाधिक उत्तीर्ण गराउन सफल

यसपाली चाहिं

**जसरी** पनि जाऔं है **कोरिया**

# कीर्तिपुर नगरपालिकाको भवन तथा बाटो सम्बन्धि मापदण्ड, २०७२

***गत फागुण २ गते आइतवार कीर्तिपुर नगरपालिकाले प्रकाशित गरेको भवन तथा बाटो सम्बन्धी मापदण्ड, २०७२ को विशेषताहरुको संक्षिप्त विवरण यहाँ राखिएको छ । सम्पादक***

नक्सा पास सम्वन्धमा गरेको महत्वपूर्ण परिवर्तित व्यवस्था

**परिचय**

भवन तथा बाटो सम्वन्धी मापदण्ड-२०६५ लागुगरी २०७१ साल भाद्र १५ गतेदेखि नेपाल राष्ट्रिय भवन संहिता लागुभई सकेको ।

–२०७२ साल बैशाख १२ गतेको विनाशकारी भुकम्प पश्चात् वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्वन्धी आधारभूत मार्गदर्शन- २०७२ जारी भएको (नेपाल सरकार मन्त्री परिषदको निर्णयानुसार)।

–२०७२ पौष २९ गते सम्पन्न २२ औं नगर परिषद वैठकवाट कीर्तिपुर नगर पालिकाको भवन तथा बाटो सम्वन्धी मापदण्ड- २०७२ जारी भएको ।

**आधारभूत विशेषताहरु**

–निर्माण स्थलको न्यूनतम क्षेत्रफल ९० व.मि. र चोडाई ६ मि. तोकिएको । ( २ २) .

–मञ्जरीका आधारमा वाटो कायम गरी नक्सा पास नहुने । नापी नक्सामा नै कम्तिमा ६ मि.को वाटो प्रयोजनका लागि कित्ता काट गर्नु पर्ने । (२.३.१)

–मञ्जुरीनामाका आधारमा मापदण्ड पुऱ्याई भवन निर्माण गर्न अनुमति नदिईने । मापदण्ड प्रतिकुल हुनेगरी कित्ताकाट गर्न नपाईने । (४.८.१)

–मापदण्ड प्रतिकुल हुने गरी कबुलियत गराई भवन निर्माण ईजाजत वा निर्माण सम्पन्न प्रमाण पत्र प्रदान नगरिने । (४.८.२)

–सार्वजनिक चोक, पर्ति जग्गा, पाटी, पौवा, सत्तल, मन्दिर , पीठ, ढुंगेधारा, विहार, पोखरी, नदी नाला, घाट आदि सार्वजनिक निर्माणहरुमा तोकिएको मापदण्ड छोडेर मात्र अन्य निर्माण कार्य गर्नु पर्ने ।

–भवन निर्माण गर्दा पानीका पाइपहरु, ढलका पाइपहरु, टेलिफोन र विजुलीका भमिगत लाइनहरु र भुमिगत पानीको स्रोतलाई समेत प्रतिकुल प्रभाव नपर्ने गरी उचित प्रबन्ध मिलाएको हुनुपर्ने ।

–माटो परीक्षण सम्वन्धी प्रावधान क र ख वर्ग तथा सवै सार्वजनिक भवनका हकमा लागुहुने। (४.८.५)

**बाटो तथा भवन निर्माण मापदण्डहरु**

**–नक्सा डिजाइन गर्न नपाउने-** यस कीर्तिपरु न. पा. को आफ्नो कार्यक्रम बाहेकका निर्माण हुने संरचनाहरुको योजना, ढाँचा र नक्सा बनाउने कार्यमा यस कीर्तिपुर न. पा. मा कार्यरत प्राविधिक प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न हुन नपाउने । (४.१)

**भवन निर्माणको अनुमति दिने :** भवन निर्माणको अनुमति दिँदा सम्पूर्ण निर्माणको अनुमति नदिई पहिलो पटक डिपिसि सम्मको मात्र निर्माण अनुमति दिइने । भवन निर्माण मापदण्ड अनुसार सो डिपिसी बनाइएको भए मात्र माथिल्लो तल्लाको निर्माण अनुमति दिइने। (४.६)

(११ मिटरभन्दा कम चौडाईको पहुँच मार्ग भएको ठाउँमा "क" वर्गका सार्वजनिक भवनहरु र ६ मिटरभन्दा कम चौडाईको पहुँच मार्ग भएको ठाउँमा "ख" वर्गका सार्वजनिक भवनहरु तथा औद्योगिक भवनहरुको लागि स्वीकृति नदिइने । (२.६.३.)

–सेटब्याकको हकमा बाटोको क्षेत्राधिकारबाट न्यूनतम १.५ मिटर छोड्ने पर्ने र उक्त स्थानमा कुनै किसिमको संरचना (Wall, Cantilever, सिढी, पेटी आदी) राख्न नपाईने। (४.८.६)

–नयाँ निर्माण हुने सडकको क्षेत्राधिकार सो सडकको केन्द्र रेखावाट न्यूनतम ३ मिटर कायम हुने । (४.८.१२.)

–कुनै पनि बाटोको घुम्ती वा मोडको न्यूनतम अर्धव्यास ३ ५ मिटर स ३.५ मिटर कायम हुने । –०.६ मिटर भन्दा अग्लोजाली राखी निर्माण स्वीकृति लिन चाहेमा सम्पूर्ण पर्खालको स्ट्रक्चरल डिजाइन समेत निवेदन साथ पेश गर्नु पर्ने। –भवन संहिता २०६० अनुसारको "ग" वर्गको भवन निर्माण गर्दा जग्गाको साँध सीमानावाट न्यूनतम १ मीटर छोडेर मात्र भवनको पिलर ( Column) वा भारवहन गारो निर्माण गर्न दिइने। – एक मीटर भन्दा लामोछज्जा वा वार्दलीको स्ट्रक्चरल डिजाइन पेश नभएको 'ग' वर्गको भवनलाई निर्माण स्वीकृति नदिइने। –सीमा पर्खाल निर्माण गर्न स्वीकृति दिँदा साधारणतया १.२ मिटर अग्लो गारो र सोमाथी ०.६ मिटर अग्लो जाली राख्ने गरी दिइने ।

–प्राबिधिक समितिको सिफारिसमा मूल बजार क्षेत्रमा बन्ने व्यापारिक भवनको हकमा सडकसंग लम्व भएर रहेको साँध तर्फ भवन संहिता २०६० को प्रतिकूल नहुने गरी टाँसेर वा एउटै कित्ताको जग्गामा स्वीकृति प्राप्त गरी बनिसकेको घर भए सोलाई आवश्यक पर्ने सेटव्याक छाडी नयाँ भवनमा झ्याल ढोका नराख्ने भएमा जग्गा नछोडी १७ मिटर सम्म अग्लोभवन निर्माण गर्न स्वीकृति दिन सकिने। "प्राविधिक समिति": भन्नाले नगरपालिकाका प्रमुखको संयोजकत्वमा निजले तोकेको नगर पालिकाको इन्जिनियर, सहरी विकास तथा भवन निर्माण विभाग र जिल्ला प्राविधिक कार्यालयको प्रतिनिधि, नापी अधिकृत तथा आमन्त्रित विशेषज्ञहरु सहितको समितिलाई जनाउँदछ ।

**जग्गा उपयोग प्रतिशत** (Ground Coverage) : ( ४.८.१०.)– आवासीय भवन निर्माण गर्न २५० वर्ग मीटर सम्म क्षेत्रफल भएको घडेरीलाइ ७०% र सो भन्दा बढीकोलाई ६०% भन्दा बढी नहुने गरी जग्गा उपयोग प्रतिशत ( Ground Coverage Coverage) स्वीकृति दिइने ।

– सरकारी, अर्ध सरकारी वा सार्वजनिक भवनहरुलाई निर्माण स्वीकतिृ दिंदा जग्गा उपयोग प्रतिशत ५०% भन्दा बढी नहुनेगरी स्वीकृति दिइने ।

**भुँई क्षेत्रको अनुपात** ( ४.८.११.) –भुँई क्षेत्रको अनुपात (Floor Area Ratio: FAR): भुईं क्षेत्रको अनुपात आवाशीय क्षेत्रमा २, ब्यापारिक क्षेत्रमा बनाईने ब्यापारिक भवनमा ३ कायम हुनेछ । (४.८.११)

–घना बस्ती (core area) का परम्परागत बस्तीहरुमा मूल बाटो कम्तीमा ४ मीटर हुने गरी १० मीटर उचाई सम्मको घर निर्माण गर्न दिईनेछ । यस्ता घरमा सिमेन्ट प्लाष्टर गर्न पाईनेछैन ।

**जग्गा एकिकरण सम्बन्धी व्यवस्था:** (४.८.२८)

–जग्गा एकिकरण पद्धतिद्वारा वा ठूला कित्तालाई ( एक वा धेरै) कित्ताकाट गरी जग्गाको कारोबार, सामुहिक आवास वा सार्वजनिक भवन निर्माण जस्ता भौतिक योजना कार्यान्वयन गर्नुपर्दा प्राविधिक समितिको सिफारिसमा नगर पालिकाले योजना कार्यान्वयनको स्वीकृति (Planning Permit) दिने ।

**सार्वजनिक भौतिक योजनाको हकमा:** विद्यमान सार्वजनिक सडकसंग जोडिने प्रस्तावित योजनाको मूल सडकको चौडाइ कम्तिमा ८ मिटर हुनुपर्ने।

–६ मिटर सम्म चौडा सार्वजनिक बाटोले छोएको जग्गामा १० मिटर सम्म अग्लो आवासीय प्रयोजनको लागि प्रस्तावित योजनालाई मात्र स्वीकृती दिइने ।

–८ मिटर वा सो भन्दा बढी चौडा सार्वजनिक सडकले छोएको जग्गामा मात्र १० मिटर भन्दा अग्ला आवासीय र सार्वजनिक भवन निर्माण गर्न प्रस्तावित योजनालाई स्वीकृति दिइने । –ढल तथा बाटो निर्माण सम्पन्न गर्ने दायित्व योजना प्रस्ताव गर्ने सस्थाको नै हुने ।

–भौतिक योजना कार्यान्वयन अनुमति प्रस्ताव गरिएको कूल जग्गाको कम्तिमा १५ प्रतिशत बाटोको लागि, कम्तिमा ५ प्रतिशत खुल्ला क्षेत्रकोलागि छुट्याइएको हुनुपर्नेछ । साथै, यस्तोखुल्ला क्षेत्रको क्षेत्रफल ९० वर्ग मिटर भन्दा कम र सो को चौडाई ८ मिटर भन्दा कम हुनु हुँदैन र यस्तो खुल्ला क्षेत्रले प्रस्तावित भौतिक योजना क्षेत्रको बाहिरी साँध वा सिमाना छोएको हुनुहुँदैन ।

**अन्य बुँदाहरु**

सेफ्टी ट्याँकी, सकपिट निर्माण कार्य डि.पि.सी. लेभल सम्म अन्य बूँदाहरु निर्माण गर्दा गरि सक्नुपर्ने।

–चारवटै मोहडाको फोटो अनिवार्य : डि.पि.सी. पछिको अनुमतिका लागि र निर्माण सम्पन्नका लागि । – वडा कार्यालयवाट सँधियारका नाममा १५ दिनेम्याद, सुचना टाँस गर्ने। १५ दिन पछि मात्र वडा कार्यालयवाट नक्सा पास आवेदन मिसिल नगरपालिका पठाउने। – नगरपालिकाको प्राविधिक तथा प्रशासनिक कर्मचारीले वडा समितिको प्रतिनिधीको रोहवरमा नक्सा आवेदनका विषयमा स्थलगत प्राविधिक प्रतिवेदन सहित सर्जमिन मुचुल्का उठाउने व्यवस्था ।

–भवन निर्माणकर्ता तथा नक्सा डिजाईनर, सुपरीवेक्षकले समेत नेपाल भवन संहिता, भवन सम्वन्धी मापदण्डलाई अवलम्वन गर्ने सपथकोव्यवस्था रहेको। – भवन निर्माण ईजाजत पत्र प्राप्त गर्नु पूर्व नै भवन निर्माण गर्ने तथा स्विकृत नक्सामा पूर्व अनुमति वेगर हेरफेर (थपघट) गरी भवन निर्माण गर्नेका हकमा कडाईका साथ जरीवाना तथा नक्सा पास नविकरण गर्ने कार्यको शुरुवात भएको। नक्सा पास जरिवानालाई पूर्व अनुमान योग्य वनाउन नीति तय गरिएको ।

– नक्सा पास नविकरणका हकमा भवन निर्माण गर्ने म्याद समाप्त भएको १ वर्ष भित्र नविकरण गर्दा शुल्कको ५० प्रतिशत, १ देखि २ वर्ष भित्र शुल्कको ७५ प्रतिशत शुल्क लिई नविकरण गर्ने ।

– नक्सा पास पूर्व नै सवै निर्माण कार्य गर्नेका हकमा शुल्कको ७५ प्रतिशत वा १ लाख, डि.पि.सी. सम्म गरेकाका हकका ५० प्रतिशत वा १ लाख, डि.पि.सी. सम्मको अनुमति लिई सो भन्दा वढी १ तल्ला वा सो भन्दा वढी निर्माण गर्नेका हकमा शुल्को २५ प्रतिशत्र वा १ लाख जुन कम हुन्छ, उक्त रकम जरीवाना तोक्ने । (२०७१।१२।१६ को न.पा. वोर्ड निर्णय)

विविध: –प्रत्येक घरमा सेफ्टी टंकि अनिवार्य रुपमा राख्ने गरी मात्र भवन निर्माण स्वीकृति दिइने ।

–सबै बर्गका भवनहरुमा अनिवार्य रुपमा सौर्य उर्जाबाट बिजुली बाल्ने ब्यवस्था गर्नुपर्ने । – प्राकृतिक ताल, धाप, पोखरी, पानीका मुहान आदी मास्ने गरी भवन निर्माण स्वीकृति दिइने छैन ।

## पाठक प्रतिक्रिया

### कीर्तिपुर सन्देश निरन्तरताको कामना

**श्रीमान सम्पादकज्यू,**
**कीर्तिपुर सन्देश**

प्रत्येक बुधवार प्रकाशित हुने कीर्तिपुरको लोकप्रिय साप्ताहिक पत्रिका "कीर्तिपुर सन्देश" ले हरेक बुधवारको प्रतिक्षा गर्न बाध्य पारेको छ। अहिलेसम्म एक अंक पनि नविराई पढीरहेको छु। हरेक अंक विशेषांक जस्तै गरी प्रकाशित भैरहेको छ । सामाजिक, राजनीतिक हरेक क्षेत्रको बारेमा जनतालाई सुसुचित गर्न यो पत्रिका सफल रहेको देखिन्छ ।

फणिन्द्र नेपालको "पृथ्वीनारायण शाहको नेपाल एकीकरणदेखि सुगौली सन्धीसम्मको तथ्य इतिहास" विगत ८ अंकदेखि क्रमिक रुपमा प्रकाशित भैरहेको छ। जुन हामी सबै देशभक्त नेपालीहरुले पढ्नै पर्ने देखिन्छ। इतिहासको पानामा यति स्पष्ट रुपमा लेखेको छैन। यसबाट हिजोदेखि अहिलेसम्म भारतबाट हामी कति प्रताडित छौं र हाम्रो भूभाग कसरी हडपीरहेको छ। हाम्रा नेताहरु राज्यको सीमा संरक्षण गर्न कति सक्षम छन् भन्ने यसबाट छर्लंग देखिन्छ।

त्यस्तै अहिले नयाँ लेखिका तुलसा दुलालको पनि लेख रचना प्रकाशित भैरहेका छन् । उहाँको रचना पनि पठन र मनन योग्य रहेको ठान्छु। उहाँको लेख रचना पनि निरन्तर प्रकाशित भैरहोस् भन्ने चाहन्छु ।

यस पत्रिकामा नविन महर्जनको खेलकुद स्तम्भ पनि पढ्न लायकको छ । स्थानीय, राष्ट्रिय अन्तर्राष्ट्रिय खेलकुद सम्बन्धी विश्लेषणात्मक लेख पढ्न पाइरहेको छ । यो पनि यस पत्रिकाको विशेषता नै भन्नुपर्छ।

कसै कसैले कीर्तिपुर सन्देशमा विज्ञापन बढी भयो भन्ने गुनासो पनि गरेका छन। मेरो विचारमा त्यस्तो होइन। पत्रिकामा विज्ञापन बढ्नु भनेको नै त्यस पत्रिकाको लोकप्रियता बढ्नु हो भन्ने ठान्छु। यस पत्रिकामा जति विज्ञापन हुन्छ त्यतिकै पत्रिकाको पाना पनि थपिएको हुन्छ । हरेक अंक १० पेज १२ पेजदेखि १६ पेजसम्म प्रकाशित हुँदै आइरहेको छ । विज्ञापननै पत्रिकाको मेरुदण्ड हो । विज्ञापनले नै पत्रिकालाई जिवीत राख्छ। अत: कीर्तिपुर सन्देश संधै फलोस् फुलोस भन्ने कामना गर्दछु।

**केदार थापा**
**इटागोल, कीर्तिपुर –१८**

कीर्तिपुरको चित्रण

काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

# कीर्तिपुर सन्देश

KIRTIPUR SANDESH WEEKLY

साप्ताहिक

वर्ष ५ अंक २८ (संयुक्तांक २३३) ने. सं. ११३६ सिल्लाथ्व दशमि बुधवाः २०७२ फागुण ०५ गते बुधवार (Feb 17, 2016) मूल्य रु.५/- पृष्ठ १२

# प्रचण्डको आदेश प्रम ओलीद्वारा अस्वीकार

## उच्चस्तरीय संयन्त्रको विषयमा सत्तापक्षमा नै विवाद

**कीर्तिपुर सन्देश साप्ताहिक**

लामो समयदेखि लगातार तराई मधेसमा संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले आन्दोलन गर्ने क्रममा ६२ जनाको निधन भइसकेको अवस्था छ भने पछिल्लो समयमा आएर वार्ताको माध्यमवाट समस्या समाधान हुने संकेत देखिएतापनि अहिले आएर फेरी समस्या समाधान नहुने संकेत देखिएको छ ।

आन्दोलनरत पक्षसंग वार्ताको माध्यमवाट समस्या समाधान गर्नका लागि भनी सरकारको तर्फवाट र आन्दोलनरतको तर्फवाट कार्यदल बनाई लामो समयसम्म वार्ता समेत भएको थियो। वार्ताको क्रममा राज्य पुनर्संरचनाको सवालमा पहिलो संविधानसभाको राज्य पुनर्संरचना तथा राज्य शक्ति बाँडफाँट समितिले प्रस्ताव गरेको १४ प्रदेश र राज्य पुनर्संरचना आयोगले प्रस्ताव गरेको १० प्रदेश सहित पहिचानको आधारमा प्रदेश निर्माण गर्ने विषयमा बहस खुल्ला गर्ने सहमति भएको थियो। वार्तावाट सबै समस्या सामाधान गर्नका लागि दुबै पक्षको सहभागीता हुने उच्चस्तरीय राजनीतिक संयन्त्र बनाउने समेत सहमति भएको थियो । त्यहि सहमतिवाट अघि बढ्ने भनी सरकारी कार्यदलले उच्च स्तरीय नेताहरु सामु सो कुरा राख्दाखेरि त्यसलाई अस्वीकार गरेपछि मधेसी मोर्चाले पनि कार्यदलको औचित्य समाप्त भयो भनी घोषणा गरेको थियो ।





मुलुकको समस्या वार्तावाटै समाधान गर्न चौतर्फी दबाव आएपछि अन्ततः सरकार संचालनका लागि तयार गरेको उच्चस्तरीय राजनीतिक कार्यदलको वैठक बसेको थियो । बैठकले वार्तावाटै समस्या समाधान गर्ने कुरामा सहमति भएको थियो । सोहि बैठकमा उच्चस्तरीय राजनीतिक संयन्त्रका संयोजक एकीकृत माओवादीका अध्यक्ष प्रचण्डले कार्यदलवाट वार्ता सुरु गरि दुबै पक्ष समावेश हुनेगरि उच्चस्तरीय राजनीतिक संयन्त्र बनाउने र त्यसको कार्यादेश टिओआर बनाउन समेत निर्देशन दिनु भएको थियो । उच्चस्तरीय राजनीतिक संयन्त्रका संयोजक प्रचण्डले मधेसी मोर्चा सहितको उच्चस्तरीय राजनीतिक संयन्त्र फागुन ३ गतेभित्र बनाउन निर्देशन दिनु भएको थियो ।

फागुन ७ गते प्रधानमन्त्री केपी शर्मा ओली भारत भ्रमणमा जाने भएका कारण उहाँको भ्रमण अगाडि नै संयन्त्र बनाउन निर्देशन दिएको थियो तर स्वयं प्रधानमन्त्री केपी शर्मा ओलीले भने सरकारी कार्यदललाई आवश्यक निर्देशन नदिएका कारण अन्यौलमा परेको थियो। त्यसैले प्रधानमन्त्री ओली स्वयं राज्य पुनर्संरचनाको सवालमा खुल्ला गर्ने गरि उच्चस्तरीय राजनीतिक संयन्त्र बनाउन सहमत नभएको स्वयं प्रचण्डले पनि बुझीसकेको एकीकृत माओवादीका एक नेताले बताएका छन् । सरकार संचालनका लागि बनाएको उच्चस्तरीय राजनीतिक संयन्त्रका संयोजक प्रचण्डको निर्देशनलाई समेत प्रधानमन्त्री ओलीले अस्वीकार गरेका कारण अव सरकार परिवर्तनको खेल अझ तिब्र गतिमा हुने संभावना बढ्दै गएको एक नेताले बताएका छन् । मुलुकको समस्या समाधन नगरिकन प्रधानमन्त्री ओली भारत भ्रमणमा जानु भनेको आफ्नो सरकारको आयु लामो बनाउन भारतीय सरकारसंग सम्वन्ध विस्तार गर्नका लागि भएको कुरा स्पष्ट हुने र भारतसंग राम्रो सम्वन्ध बनाउन नसकिए तत्काल ओली सरकार ढाल्ने खेल सुरु हुने समेत स्वयं सत्तापक्षका नेताहरुले विश्लेषण गर्न थालेका छन् ।


# हार्दिक बधाई




यस मङ्गल उ.मा.वि.मा प्राथमिक तहदेखि नै अध्ययन गरेर हाल यसै उ.मा.वि तथा मङ्गल बहुमुखी क्याम्पसका छात्रा **सुश्री सन्ध्या श्रेष्ठ (कक्षा ११), छात्रहरु श्री पवन महर्जन (बि.एड्. तेस्रो बर्ष) र बिकी राज महर्जन ( बि.एड्. दोस्रो बर्ष)** १२ औं दक्षिण एसियाली खेलकूद ( साग) मा महिला र पुरुष खो खो खेलमा सहभागी भई तृतीय स्थान हासिल गरी देशका लागि **काँस्य पदक** दिलाई देशको गौरव बढाउन सफल हुनु भएकोमा हार्दिक बधाई ज्ञापन गर्दछौं ।

**अध्यक्ष**
**क्याम्पस व्यवस्थापन समिति**
**क्याम्पस प्रमुख तथा**
**मङ्गल बहुमुखी क्याम्पस परिवार**

**अध्यक्ष**
**विद्यालय व्यवस्थापन समिति**
**प्राचार्य तथा**
**मङ्गल उच्च मा.वि. परिवार**

**कानुनी सल्लाहकार**
ज्ञानबहादुर महर्जन
**प्रकाशक**
नजरराम महर्जन
(९८४१४०१०७७)
**सम्पादक**
श्रीकृष्ण महर्जन
प्रवन्धक
निरजमान सिंह

व्यवस्थापन
भरत महर्जन
वेभसाइट व्यवस्थापन
राज श्रेष्ठ
प्रेसः शर्मीला प्रिन्टर्स, डल्लु, काठमाण्डौं
कार्यालयः निखासी टोलः कीर्तिपुर नपा-३
फोन नं.: ४३३३००७
kirtipur_sandesh@live.com
http://kirtipursandesh.blogspot.com

काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

## सम्पादकीय

# प्रम ओलीको भारत भ्रमण

**प्रधानमन्त्री केपी शर्मा ओलीले भारतको भ्रमण गर्ने भएको छ । लामो समय पछि प्रधानमन्त्री पहिलो पटक भारत भ्रमणमा जान लागेको छ । भारतको भ्रमण पछि नै चीनको पनि भ्रमण गर्ने उहाँले सार्वजनिक रुपमा नै अभिब्यक्ति दिएका हुन् । भारत र चीन दुबै नेपालका छिमेकी मुलुक हुन् । छिमेकी मुलुकसंग राम्रो सम्वन्ध बनाउनुपर्ने कुरामा कसैको पनि दुईमत छैन । यस पटकको भारत भ्रमण भनेको सम्वन्ध राम्रो बनाउनका लागि हुने र कुनै पनि सन्धि सम्झौता नहुने कुरा स्वयं सत्तापक्षका नेताहरुले बताउदै आएका छन् ।**

**छिमेकी देशमा भ्रमण गर्नु एक किसिमवाट सम्वन्ध विस्तार र एक आपसमा सहयोगका साथ साथै भाइचारा सम्वन्धका लागि अत्यन्तै राम्रो कुरा हो । भारत भ्रमण गर्नु अघि प्रधानमन्त्री ओलीले तराई मधेमा आन्दोलनरत पक्षहरुसंग सहमति गर्न सकेको भए छिमेकीले पनि प्रधानमन्त्रीलाई र नेपाललाई हेर्ने दृष्टिकोणमा राम्रो हुने हो ।**

**समस्या समाधान गर्छु पनि भन्ने तर समाधान नगरिकन भारत भ्रमणमा जानु भएका कारण भ्रमणको क्रममा सबै भन्दा बढि नेपालको समस्याको विषयमा नै छलफल हुने निश्चित छ । दुई देश वीचको सम्वन्ध र सहयोग आदान प्रदान भन्दा पनि नेपालको आन्तरिक मामिलालाई नै पहिलो प्राथमिकता दिई भारतीय पक्षले जिज्ञासा राख्ने कुरा निश्चित छ ।**

# खड्गी समुदायमा पनि संविधानको बारेमा छलफल



नेपाल खड्गी सेवा समितिको आयोज[redacted]दिवासी जनजाति जागरण अभियानको संयो[redacted]र्तिपुरमा खड्गी समुदायका युवाहरुको सहभा[redacted]को खड्गी सेवा स[redacted]भवनमा भएको आदिव[redacted]ष्टिकोणमा नयाँ सं[redacted]छलफल कार्यक्रममा स[redacted]

# एकीकरणदेखि सुगौली सन्धिसम्मको तथ्य इतिहासमा–९

**फणिन्द्र नेपाल**

सुभाष रंगूनबाट बैंकक हुँदै सिंगापुर गए । भारत स्वतन्त्र गर्ने उनको सपना सपनै रहयो । १८ अगष्ट १९४५ का दिन उनी चढेको जापानी लडाकु हवाई जहाज दुर्घटनाग्रस्त हुँदा उनी नराम्रोसँग जले । अस्पतालमा उपचार हुँदाहुँदै उनको मृत्यु भयो । उनको मृत्यु नेपालीका निम्ति अभिशाप सिद्ध भयो । सुभाषचन्द्र बोसको लाससँगै नेपाली सपूतहरूको विशाल नेपालको सपना पनि जल्यो । भारतीय स्वतन्त्रता आन्दोलनको सफल नेतृत्व वर्गले नेपाललाई उसको भू(भाग फिर्ता गरेन ।

**दार्जीलिङ एकीकरणको प्रसङ्ग :**

भारतीय स्वतन्त्रताका निम्ति भएका आन्दोलनमा कैयौं नेपालीहरू संलग्न रहेको कुरा निर्विवाद सत्य हो । यसमा सबभन्दा बढी सक्रियता दार्जीलिङले देखाएको थियो । महाकालीपारि गोविन्द वल्लभ पन्तहरू पनि अंग्रेज विरोधी आन्दोलनमा उत्रिएका थिए । नेहरूले फकाएका हुँदा उनीहरू नेपालमा एकीकृत हुनुपर्ने मुद्दामा निष्क्रिय रहे । गोर्खा लिगको असम शाखाको कार्यक्रममा भएका छलफलपछि डम्बरसिंह गुरुङ, प्रसादसिंह सुब्बा र छविलाल उपाध्यायहरूले १८ नोबेम्वर १९४६ मा नेपाल जनका निम्ति असम, तेजपुर छोडे । यसपछि असममा हावाभ्कैं उनीहरू दार्जीलिङ्ग नेपालमा मिलाउने विषयलाई लिएर काठमाडौं जाँदै छन् भन्ने हल्ला फैलियो । भारतीय स्वतन्त्रता आन्दोलनमा सहभागी भएको अखिल भारतीय गोर्खा लीगले भारत र पाकिस्तान स्वतन्त्र मुलुक बन्छन् भने हाम्रा भूमि पनि स्वतन्त्र हुनुपर्छ भन्ने अवधारणका साथ यस विचारलाई अगाडि बढायो । नेपाल( अंग्रेज युद्ध (१८१४(१५) मा गुमेका कुमाउ, गढवाल, दार्जीलिङ आदिलाई ब्रिटिश इन्डियाबाट स्वतन्त्र गरी ती भूभाग नेपालमा मिलाउने प्रस्तावलिई तत्कालीन राणा सरकारसँग वार्ता गर्न सन् १९४६ नोवेम्बर २३ मा गोर्खा लीगका संस्थापक नेता डम्बरसिंह गुरुङको नेतृत्वमा एउटा प्रतिनिधिमण्डल दार्जीलिङबाट काठमाडौंका निम्ति प्रस्थान गर्‍यो । उक्त प्रतिनिधि मण्डल र नेपाल सरकारका बीच १ डिसेम्बर १९४६ मा सिंहदरबारमा बिहान ९:१५ देखि अपरान्ह १२:१५ सम्म विविध विषयमा छलफल भयो । उक्त छलफलमा नेपालमा नेपालका तर्फबाट जनरल मृगेन्द्र शमशेर जबरा, जनरल विजय शमशेर जबरा, सरदार नगेन्द्रमान सिंह र नरेन्द्रमणि आचार्य दीक्षित तथा गोर्खा लीगका तर्फबाट लीगका अध्यक्ष तथा प्रतिनिधि मण्डलका नेता डम्बरसिंह गुरुङ, शिवकुमार राई, देवप्रकाश राई सम्मिलित हुनुहुन्थ्यो ।

काठमाडौं र दार्जिलिङ्गका बीच भएको कुराकानीमा गोर्खा लीगले सुगौली सन्धि हुनुभन्दा पहिलेका नेपालका भूक्षेत्र कुमाउँ, गढवाल आदि क्षेत्र नेपालले छोड्छ कि माग्छ भनी प्रश्न गर्दा विजय शमशेरले ती क्षेत्रहरू नेपालले प्रथम विश्वयुद्धको समयदेखि नै मागिरेहको तर फिर्ता पाउने सम्भावना धेरै थोर ै भएकाले यो विचार नै त्यागि दिएको बताए भने दार्जीलिङ्गलाई नेपालमा मिलाउने विषयको छलफलमा विजय शमशेरले यो प्रस्तावलाई नेपाल हार्दिकताका साथ स्वागत गर्दछ भन्ने अभिव्यक्ति दिए । त्यस्तै त्यहाँ उपस्थित केही सदस्यले यसमा केही निश्चित कठिनाइहरू रहेको बताए । उक्त छलफल कुनै निश्चित सहमतिमा पुग्न सकेन । यस प्रस्तावमा उठाइएका विषयको सुनिश्चितताका निम्ति यसको व्यहोराको एक प्रति विजय शमशेरलाई हस्तान्तरण गरियो (अनुसूची : १३) । यो विषय त्यसबेला निकै नै चर्चित थियो । तर राणाहरूको वर्गीय स्वार्थका कारण राष्टिूय स्वार्थलाई तिलाञ्जली दिइयो ।

यो विषयले ब्रिटिश इन्डिया भारतको तत्कालीन गृह विभागको इन्टेलिजेन्स व्युरोलाई निकै सचेत रहन बाध्य पारेको थियो । तत्कालीन राणा सरकारको त्यस किसिमको डरछेरुवा व्यवहारले दार्जीलिङ नेपालमा एकीकृत हुने अवसर त्यसै खेर गयो । सन् १९१९ मा चन्द्र शमशेरहरू गुमेको भूभाग फिर्ता लिन मरिमेटेर लागेका थिए । जब कि सन् १९१६ मा जुद्ध शमशेरहरू हातैमा आएको सुनौलो अवसर पनि स्वार्थवस गुमाउँदै थिए (दाजीर्लिङ फिर्ता दिने ब्रिटिसहरूको प्रस्ताव )।

२००४ सालको कुरा हो । कुनै एक दिन राणाजीहरूद्वारा सिंहदरबारमा बैठक डाकियो । बैठकमा ब्रिटिश राजदुत पनि उपस्थित थिए । त्यहाँ प्रधानमन्त्री लगायत अन्य ओहोदाधारी राणाजीहरू पनि थिए । बेलायती राजदूतले बैठकलाई सम्बोधन गर्दै भने (अब हामी भारत छोडेर जाँदै छौं, तिमीहरूले भारतसँग गरेको सुगौली सन्धि भङ्ग गर ।" त्यसबेला तत्कालीन सरकार पक्षबाट तपाईहरूले भारत छोडेर गएपछि अब हामीले त्यत्रो ठूलो देश भारतसँग कसरी टक्कर लिने, भैगो अब हामी यो सब काम नगर्ने" भन्ने कुरा गरियो । हामी भारतमा भएको तपाईहरूको सम्पूर्ण सम्पात्ति नेपाल बैंकमा ल्याएर राखिदिन्छौं, तपाईहरूले चिन्ता गर्नु पर्दैन" भन्ने आश्वासनको कुरा ब्रिटिश राजदूतले गर्दा हामी भूपरिवेष्ठित देशका वासी हौं । भोलि कथंकदाचित केही पर्‍यो भने हामी भारतसँग सामना गर्न सक्तैनौं । यस किसिमको काम हामीले गर्न हुँदैन" भन्ने कुरा तत्कालीन राणा सरकारले गर्‍यो । (सात सालको क्रान्ति र बालकृष्ण दाई र डाइमन शमशेर राणा)

सुगौली सन्धिको समाप्ति :

ब्रिटिशहरले विधिवत रुपमा इन्डिया छोडेर गएपछि सुगौली सन्धि रद्द भएका तीन ओटा कारण देखाउन सकिन्छ । सन्धि र सिद्धान्तका आधारमा सुगौली सन्धिको अन्त्य भइ सकेको मान्नुपर्छ तर व्यवहारमा अझै यो जीवितै छ । सन् १९४७ जुलाई १८ को भारतीय स्वतन्त्रता विधेयेकले ब्रिटिश शासित सम्पूर्ण भूभागलाई मक्त गरि दिएपछि सन् १९४७ अगस्त १४ मा पाकिस्तान र अगस्ट १५ मा इन्डिया, यी दुई राष्टूहरू बने । पाकिस्तान र इन्डियामा मिल्न नचाहने राज्यलाई स्वतन्त्र हुन पाउने अधिकार भएको हुँदा जूनागढ, हैदरावाद र कस्मीरले आफू स्वतन्त्र रहने घोषणा गरे । यसले के स्पष्ट गर्छ भने ब्रिटिश शासित नेपाली भूभाग दाजीर्लिङ्ग, कुमाउ र गढवाल पनि स्वतन्त्र भए र नेपालको क्षेत्राधिकारमा आए । अर्को शैलीमा भन्ने हो भने 'इन्डिया' लाई स्वतन्त्र गरिएको घोषणका साथै सुगौली सन्धि अनुसार ब्रिटिशले हडपेका नेपाली भूभाग स्वतन्त्र भए । यसरी स्वतन्त्र भएको भूभाग कित स्वतन्त्र राज्यकै रुपमा रहन सक्थ्यो कि नवास्वाधीन इन्डिया वा पूर्वी पाकिस्तानमा मिल्न सक्थ्यो नत्र स्वतः नेपालको सिमानाभित्र आबद्ध हुन्थ्यो । इन्डियामा मिल्नाका लागि ती नेपाली भूभागको वैधानिक सार्वभौमसत्ता कसको हातमा थियो भन्ने प्रश्न उठ्छ । सार्वभौम सत्ता या त राजासँग हुन्छ या संसद्सँग । दाजीर्लिङ्गमा न राजा थिए न संसद् थियो । त्यसैले दाजीर्लिङ्ग भारतमा मिल्न जाने कुराको कुनै वैधानिकता कतैबाट पनि पुष्टि हुँदैन । कुमाउँ र गढवाललाई पनि इन्डियामा मिल्ने स्वतन्त्रता थिएन किनभने इन्डियाको स्वतन्त्रतासँगै सुगौली सन्धि स्वतः रद्द भई ती नेपाली भूभाग नेपालमै एकीकृत भए । नेपालका अभिन्न अंग भैसकेका उक्त क्षेत्रहरू इन्डियामा मिल्न नेपालका तत्कालीन श्री ५ त्रिभुवनको सहमति चाहिन्थ्यो । के ती क्षेत्र भारतमा मिलाउने प्रस्तावमा श्री ५ त्रिभुवनबाट हस्ताक्षर भएको कुनै प्रमाण छ ?

दोस्रो कारण हो नेपाल र भारतबीच सन् १९५० जुलाई ३१ तारिखमा भएको शान्ति तथा मैत्री सन्धि । यस सन्धिको दोस्रो दफामा दुबै देशले एक अर्काको क्षेत्रीय अखण्डताको सम्मान गर्ने कुरामा सहमति जनाएका छन् भने आठौं दफामा ब्रिटिश इन्डिया र नेपालबीच अघि भएका सबै सन्धिहरू खारेज हुने प्रतिबद्धता व्यक्त गरिएको छ । सबै सन्धि खारेज हुँदा सुगौली सन्धि पनि खारेज भयो भन्ने मान्न बाध्य हुनुपर्छ । सन् १९५० जुलाई ३१ अघि र पछि आजसम्म नेपाल र भारतबीच सुगौली सन्धिको अनुमोदन गर्ने प्रयोजनका लागि कुनै सन्धि वा सहमति भएको थाहा छैन र नेपाल अधिराज्यको संविधान (२०४७) ले यसो गर्न पाउने अधिकार नेपालमा कसैलाई प्रदान गरेको छैन । यस स्थितिमा ती भूभाग भारत अधीनस्थ भैरहने कुनै वैधानिक आधार देखा पर्दैन ।

सुगौली सन्धि रद्द भएको तेस्रो प्रमाणका रुपमा नेपाल र संयुक्त अधिराज्य बेलायतबीच सन् १९५० अक्टोबर ३० मा भएको सन्धिलाई लिन सकिन्छ । यस सन्धिको प्रस्तावना र धारा ८ ले नेपाल र बेलायतबीच सन् १९२३ मा भएको सन्धि र त्यसअघि यी दुई मुलुकबीच भएका सबै सन्धि रद्द भएको जनाएको छ । सन् १९२३ को सन्धिमा सुगौली सन्धिलाई अनुमोदन गरिएको छ भन्नु र सन् १९५० को सन्धिमा १९२३ को सन्धि खारेज गरिएको छ भन्नुका बीचको तात्विक अर्थ हो( सुगौली सन्धिको हस्ताक्षरकारी पक्ष बेलायतले सुगौली सन्धि रद्द गरेको छ । यस वास्तविकतालाई नेपाली पक्षले गम्भीरतापूर्वक नलिनु झनै गम्भीर कुरा हो ।

क्रमशः ....

# कीर्तिपुर नगरपालिकाद्वारा भवन तथा बाटो सम्बन्धी मापदण्ड २०७२ प्रकाशित

**कीर्तिपुर सन्देश साप्ताहिक**

कीर्तिपुर नगरपालिकाले भवन तथा बाटो सम्बन्धी मापदण्ड २०७२ पुस्तिकाको विमोचन गरी बाहिर ल्याइएको छ।

गत फागुण २ गते आइतवार मङ्गल उच्च मा.वि.को पल्टिपरपोज हलमा भएको एक कार्यक्रममा प्रमुख अतिथि सभासद राजेन्द्रबहादुर के.सी, सभासद रुपा महर्जन सभासद विनोद श्रेष्ठ र कार्यकारी अधिकृत उद्धव प्रसाद रिजालले संयुक्त रुपमा पुस्तिकाको विमोचन गरिएको थियो।




कीर्तिपुर नगरपालिकाको कार्यकारी अधिकृत एवं प्रमुख उद्धव प्रसाद रिजालको सभापतित्वमा भएको उक्त कार्यक्रम की.न.पा.का शाखा अधिकृत अनुज प्रधानले संचालन गर्नु भएको थियो।

की.न.पा.का कानून अधिकृत सुजिन्द्र महर्जनले स्वागत मन्तव्यका साथै भवन तथा बाटो सम्बन्धी पुस्तिकामा भएका विशेषताहरु बारे संक्षिप्त चर्चा गर्नु भएको थियो।

"कुनै पनि कानून या नियम ल्याउँदा जनतासँग व्यापक रुपमा छलफल गरेर ल्याउनु पर्छ। कुनै ठाउँको सुन्दरता भनेको त्यस ठाउँको बस्ती विकास र सर सफाईले देखाउँछ।

यस पुस्तिकामा भएको मापदण्ड अनुसार सबैले घर घरमा अनिवार्य सेफ्टि ट्यांक बनाउने हो भने बागमती स्वच्छ हुनसक्छ।

शहर सफा हुनसक्छ। घर घरमा सोलार प्यानेल राख्नाले लोडसेडिंगले अहिलेजस्तो असर पार्न सक्दैन।" प्रमुख अतिथि राजेन्द्र के.सी.ले आफ्नो मन्तव्यको क्रममा भन्नुभयो, "मापदण्ड बनाउनु राम्रो हो यसलाई लागु गर्न सक्नुपर्छ।"

इन्जिनियरीङ्ग समाज कीर्तिपुरका ई.मदन डंगोलले पुस्तिकामा प्रकाशित मापदण्डको बारेमा चर्चा गर्नुहुँदै भन्नुभयो, "टौदहलाई मात्र संरक्षित क्षेत्र भनिएको छ। अरु ठाउँलाई वेवास्ता गरिएको छ। घनावस्तीको सिमाना टोकिएको छैन। घर निर्माण गर्दा हरेकले माटो परीक्षण गराउनु पर्दा आर्थिक भार पर्ने हुनाले कीर्तिपुर नगरपालिकाले नै खानी विभागसँग समन्वय गरेर आफैले माटो परीक्षण गराउनु पर्ने, घरको नक्सा बनाउनमा नगरपालिकाका कर्मचारीको संलग्नतालाई बन्देज गरेको राम्रो हो। भूकम्प पिडितहरुको घर पुन:निर्माण गर्दा नक्सा बनाउन परेमा न्यूनतम शुल्क लिई कीर्तिपुर इन्जिनियरीङ्ग समाजले बनाई दिने बचन दिनुभयो।

ने.म.कि.पा.का नारायण महर्जनले पुस्तिकाको समिक्षा गर्नेक्रममा पहिले बस्ति विकार गर्नेहरुले मात्र यस्तो मापदण्ड बनाउने गरेकोमा अहिले नगरपालिकाले नै बनाएको साह्रै राम्रो कुरा हो।

यसमा टौदह क्षेत्रलाई मात्र संरक्षित क्षेत्र भनी घोषणा गरेर अरु क्षेत्रको उपेक्षा गरेको देखियो। घनावस्तीमा ४ मिटर बाटो छाड्नु पर्ने भनिएको छ यसले धेरैलाई मर्का पर्ने देखिन्छ। पाँगाको कमलपोखरीदेखि जलविनायकसम्मको अजय मार्ग र चार घरेदेखि चोभारसम्मको वाईसीएल मार्गको मापदण्ड नभएको गुनासो गर्नुभयो।

सभासद रुपा महर्जन र विनदेद श्रेष्ठले शुभकामना मन्तव्य दिनुहुँदै यो मापदण्डलाई राम्ररी लागु गर्न अनुगमनको खाँचो रहेकोमा औंल्याउनुभयो।

नीलकण्ठ अमात्य र ई. शरद मंगल जोशीले पनि आफ्नो विचार राख्नुहुँदै यस मापदण्ड प्रकाशित गर्नु पूर्व जनमानसको राय सुझाव पनि लिएर बनाएको भए अझ राम्रो हुने, यसलाई वडा वडामा जानकारी पठाउन सकेमात्र यो मापदण्ड सफल हुने विचार राख्नुभएको थियो।

कार्यक्रम समापन गर्दै कार्यकारी अधिकृतले नेपाल सरकारले बनाएको मापदण्डको प्रतिकुल नहुने गरी कीर्तिपुरको भूबनोटलाई ध्यानमा राखी की.न.पा.ले यो मापदण्ड बनाएको बताउँदै सहयोगको लागि सबैसँग अपिल गर्नु भएको थियो।

*मापदण्डको विशेषता पेज २ मा*


हनेबहःम्ह..................................................

**ब्वना पौ**

**संविधानसभां जारी याःगु न्हूगु संविधाया विषयसं**
**सकलसिगु सरोकार जुयाच्वंगु अवस्थाय्**
**'आदिवासी जनजातिया दृष्टिकोणय् न्हूगु संविधान सहलह'**
**ज्याझ्वलय् पायुछि इलय् झयादीत इनाप यानाच्वना।**

**मिति: २०७२ फागुन ७ गते शुक्रवाः**
**ई: सुथसिया १० ता इलय्**
**थाय् : कीर्तिपुर मावि, वाहिगां, किपू**

**ग्वसाःखलः**
**ज्यापु महागुथि किपू नगर समिति**

**संयोजन**
**नेवाः प्रदेशय् आदिवासी जनजाति जागरण अभियान**

Learning is the eye of the mind. At STAR, it is fun and exciting.

Admission Open For 2072/2073
in Play Group (Pre Nursery)

**Star Pre – School**
(Montessori and Conceptual School)






Learning with fun
Integrated Curriculm
Centrally Located
Healthy food
Music, Dance, Art Classes
Parents Counseling
Outdoor Activities
Periodic Health Checkup
Extra Hours child support for busy Parents
Montessori and conceptual Method of Teaching

Nayabazar, Kirtipur (Ace Bank Galli)
phone No. 014331174, 9841408785

# सागको फुटवल खेलमा नेपालको सकारात



–नविन महर्जन–

दक्षिण एसियाली खेलकुद (साग) को १२ औं संस्करणमा नेपालले आफ्नो मिश्रित नतिजा निकाली राखेको छ। हालसम्मको खेलमा नेपालको ठूलो उपलब्धी भनेको बहुचर्चित फुटवल खेलको महिला एवं १७ वर्षपछि फेरि एकपल्ट फाइनलमा चर्तित प्रतिद्वन्दी भारतसँग पुरुष टिम गत सोमबार सामना गरेकोलाई लिन सकिन्छ।

नेपालले फुटवलमा महिलातर्फ गत शनिवार सम्पन्न राउन्ड रोविनको अन्तिम खेलमा श्रीलंकालाई ४-० गोलले पराजित गर्दै फाइनल पुगेका थिए । त्यसैगरी शनिवार नै सम्पन्न पुरुषहरुको सेमिफाइनल खेलमा माल्दिभ्सलाई ४-३ गोलले पराजित गर्दै फाइनल पुगेका थिए।

नेपाल र माल्दिभ्सको सेमिफाइनल खेल निकै प्रतिस्पर्धात्मक रुपमा चलेको थियो ।मध्यान्तर अघि नेपालले १५ औं मिनेटमा अञ्जन विष्ट र ३६ औं मिनेटमा नवयुग श्रेष्ठको गोलले २-० गोलको अग्रता कायम गरेको थियो। तर मध्यान्तर पछि २ गोल गर्दै माल्दिभ्सले खेल २-२को बराबरीमा रोक्न सफल भयो । अतिरिक्त समयमा माल्दिभ्सले १ गोल गर्दै अगाडि रहेको थियो। नवयुग श्रेष्ठले थप २ गोल गर्दै आफ्नो ह्याट्रिक पूरा गर्दै १७ पछि फेरि एकपल्ट नेपाललाई सागको फाइनलमा पुऱ्याउन अग्रणी भूमिका खेलेका थिए।

गत फागुण ३ गते सोमबार भएको फुटबलको फाइनल खेलमा भारतलाई २-१ गोलको अन्तरले पराजित गर्दै नेपाल २३ वर्षपछि स्वर्ण पदक जित्न सफल भएको छ। खेलको पहिलो हाफमा एक गोलले पछि परेको नेपाल दोस्रो हाफमा अर्थात ६५ औं मिनेटमा प्रकाश बुढाथोकीले नेपालको लागि पहिलो गोल गर्दै खेल बराबरीमा ल्याएको थियो। खेलको ७१ औं मिनेटमा नवयुग श्रेष्ठले नेपालको लागि दोस्रो गोल गरे। यो गोलनै निर्णायक गोल सावित भयो र नेपालले फुटवल खेलमा स्वर्ण पदक जित्न सफल भयो।

नीमा गुरुङले उसुको थाउलोको नानछवान अलराउण्डमा १६ र ९ अंक हासिल गर्दै स्वर्ण पदक दिलाउँदै नेपालीहरुलाई हर्षित पारेकी थिइन् । त्यसपछि नेपाल उसुको धेरै इभेन्ट्सहरुमा फाइनल पुगेका थिए तर स्वर्ण पदक हात पार्न असफल रह्यो । त्यसैगरी नेपालले स्वर्ण पदक आशा गरेको अर्को खेल तेक्वान्दो थियो त्यसमा पनि नेपालले स्वर्ण पदक हात पार्न असमर्थ रह्यो केवल रजत र कास्यमा चित्त बुझाउनु पऱ्यो।

जुडो खेलमा पनि नेपालको तर्फबाट खेल्दै फुपु ल्हामु खत्रीले स्वर्ण पदक जितेकी हुन। राउण्ड रोविन प्रणालीमा खेलाइएको जुडो खेलमा फुपु ल्हामुले बंगलादेश, श्रीलंका, पाकिस्तान र भारतका खेलाडीहरुलाई हराएर स्वर्ण पदक जितेकी हुन।

यसरी सोमबार बेलुकासम्म नेपालले ३ स्वर्ण, २३ रजत र २९ काश्य पदक जित्न सफल भएको छ। पहिलो पल्ट समावेश गरेको ट्रायथलन तर्फ नेपालकी रोजा के.सिले पौडी ७५० मि, साइक्लिङ २० कि.मि, र दौड ५ कि.मि. इभेन्ट्समा रोजाले कास्य पदक हात पारेकी थिइन्। त्यसैगरी पौडीमा गौरिका सिंहले ऐतिहासिक पदक दिलाउन सफल भएकी थिइन्। उनले २ सय मिटर ब्याकस्ट्रोकमा कास्य पदक, त्यसैगरी १०० मिटर ब्याकस्ट्रोकमा पनि कास्य पदक हात पारेकी थिइन् । त्यसैगरी ४०० मिटर फ्रिीस्टाइलमा काँस्य पक जितिन्। यसरी उनले सागको एकै संस्करणमा फरक तीन विधामा पदक जित्ने पहिलो नेपाली खेलाडी भइन् । यस सागमा नेपालकी तारादेवी पुनले ७५ केजिमा भारोतोलन तर्फ काँस्य पदक हात पारेकी थिइन् । त्यसैगरी भलिबल महिला तर्फ माल्दिभ्सलाई २५-२०, २५-१५ र २५-१३ले हराएर कास्य पदक हात पार्न सफल हात पार्न सफल भएको छ । नेपालले दुवै श्रीलंकालाई हटाएर तेस्रो स्थान सुरक्षित गरेका थिए।

स्मरणरहोस् यस खो खो खेलको पुरुष र महिला दुबै खेलमा कीर्तिपुरवासी खेलाडीहरुको पनि उपस्थित रहेका छन् ।जसको मैनेजरमा कीर्तिपुर खेलकुद विकास समाजका अध्यक्ष प्रदिप महर्जन समेतको उपस्थित थियो। सधैं पदक जितिने म्याराथन तर्फ नेपाल यसपटक पदक विहिन भएका छन्। तर हरि कुमारले रिमालले ५ हजार मिटरमा कास्य पदक दिलाइएका थिए। उनले १४ मिनेट ३२.१८ सेकेण्डमा पुरा गरी सो पदक दिलाएका थिए । तसर्थ स्वर्ण पदकको हिसाबले हालसम्म नेपाल छैठौं स्थानमा रहेका छन् । तर पनि समग्र प्रदर्शन हेर्दा नेपालले सम्भावित खेलमा नेपालको नतिजा मिश्रीत रहेका छन् । मार्शल आर्ट तर्फ स्वर्ण हात पार्न नसके पनि प्रदर्शन सकारात्मक नै रहेको छ तसर्थ १३ औं सागको लागि अहिलेदेखि नै योजना बनाई अगाडी बढ्न सके आफ्नो होम ग्राउण्डमा हुने खेलमा नेपालले अझ सुधार उन्मुख खेल देखाउने आशा गर्न सकिन्छ।





**Admission Open in Day Care, Play Group and nursery for 2072/073**

# Turners Pathshala

## A Motessori Based Pre-School

### Features

- Well equiped audio visual lab
- Montessori lab
- ECD experters and psychologists
- Parents counseling
- Experienced facilitators
- Homely environment
- Limited Class size
- Life skills based learning
- Ample space for outdoor activities
- Peroidic health check ups
- Foods with calorie analysis
- Managed by a group of academicians

Admission Forms are available in the school Desk.

**For Contact: 014331574,9849888060**

# हार्दिक बधाई



श्री दिनेश दर्शनधारी




Thailand मा हुन गैरहेको Box office Film Fare Award मा “बागमती” चलचित्रका निर्माता श्री दिनेश दर्शनधारीज्यू वर्षका ५ उत्कृष्ट निर्माताहरुमा पर्न सफल हुनुभएकोमा हार्दिक बधाई एवं शुभकामना ।

# निर्मल बुद्धभूमि बचत तथा ऋण सहकारी संस्था लिमिटेड

**त:गवपि कीर्तिपुर**

**फोन: ४३३२८८१**

# दैनन्दिन सदाचार : स्वास्थ्य र मुक्तिको आधार



डा. सोनेलाल साह

दैनन्दिन अर्थात दैनिक जीवनचर्यामा सबैभन्दा आवश्यक कुरा हो सही आचार र विचार । आचार-विचार नै संस्कारको मूल घटक हो । त्यसैले भनिएको छ 'आचार : परमोधर्मः' अतः आचारलाई आफ्नो दिनचर्यामा सम्मिश्रित गर्नुपर्छ । आचार शुद्ध भए स्वास्थ्य सुध्रन्छ । आचार पवित्र हुनाले सांसारिक आवागमनबाट मुक्ति मिल्छ ।

मनुष्य जीवनमा विहान उठेदेखि राति सुत्दासम्मको दैनिक कार्यक्रमको अधिक महत्व छ । यो क्रमलाई हामी दिनचर्या भन्दछौं । तर धर्मग्रन्थहरुमा यस्तो चर्यालाई 'दैनन्दिन सदाचार' अन्तर्गत र ाखिएको । सदाचारको अर्थ हो राम्रो आचार र राम्रो विचार ।

वास्तवमा सच्चा सुखनित्य, सनातन र एकरस शान्तिमा छ र त्यसको आश्रय हो भगवान भक्ति । हरेक मानिसको प्रयत्न भगवान प्राप्तिको लागि हुनुपर्छ । तसर्थ सांसारिक बन्धनबाट मुक्ति प्राप्तार्थ दिनमा चौबीसै घण्टा भगवानको आराधनाको रुपमा होस्, हिंड्न-डुल्न, उठ्नु-बस्नु, खानपिन, सुत्नु-जाग्नु आदि सबै भगवान स्मरण गरेर होस्, पापचरणमा एकछिन पनि समय नबितोस्, अनिमात्र कल्याणको मार्ग प्रशस्त हुनसक्छ । यही नै दैनन्दिन सदाचार हो । स्वास्थ्यप्रद प्रातः जागरण : बिहान ब्रम्हमुहुर्तमा अर्थात् सूर्योदयभन्दा एक डेढघण्टा पहिला नै उठ्नुपर्छ । शास्त्रमा ब्रम्हमुहुर्तको सुन्दर महिमा गरिएको छ । ब्रम्हमुहुर्तमा जाग्नेहरुको स्वास्थ्य, धन, विद्या, बल र तेज बढ्छ । सूर्योदयको समयमा सुतिरहने शक्ति र आयु घट्छ र नानाप्रकारका रोगहरुले घेर्छ । आँखा खुल्ने बितिकै दुबै हत्कोमा दृष्टि दिंदै निम्न श्लोक वाचन गर्दै देवस्मरण गर्नुपर्छ – कर ाग्रे वसते लक्ष्मी : करमध्ये सर स्वती । करमूले स्थितो ब्रम्हा प्रभाते करदर्शनम् ॥ अर्थात् हत्केलाको अग्रभागमा लक्ष्मीको निवास हुन्छ मध्यभागमा सर स्वती र हातको मूलमा ब्रम्हाजीको निवास हुन्छ । अतः विहान हत्केलाको अनिवार्य दर्शन गर्नुपर्छ । यसो गर्नाले धन तथा विद्या प्राप्ति हुनुको साथै कर्तव्य (कर्म) गर्ने प्रेरणा मिल्छ ।

भगवान वेदव्यासले कर ोपलब्धिलाई मानवको परमलाभ मान्नुभएको छ । यो विहानको अर्को आशय के हो भने प्रातःकाल उठ्नेबितिकै सर्वप्रथम अन्त कहीं दृष्टि नदिई हत्केलामा दृष्टि दिनुपर्छ । घरमा ओछ्यानमा सुतेको मानिसले जाग्नेबितिकै भगवानको दर्शन गर्ने पहिलो स्थान भनेको आफ्नो हत्केला नै हो । आफ्नो वृत्तिलाई भगवत् चिन्तनतर्फ प्रवृत गर्न यथासाध्य भगवानको स्मरण र प्रार्थना गर्नुपर्छ – हे प्रभु ! दिनभरि नै मेरो सद्‌बुद्धि रहोस्, शरीर र मनबाट शुद्ध र सात्विक कर्म होस् । र यसको लागि भगवानसँग शक्ति माग्नुपर्छ र आत्मैदेखि आज दिनभर कुनै नराम्रो काम गर्दिन भन्ने निश्चय गर्नुपर्छ ।

भूमि वन्दना : ओछ्यानबाट तत्काल पृथ्वीमा खुट्टा राख्नुपूर्व ओछ्यानमा बसेर पृथ्वीमाताको अभिवादन गर्नुपर्छ र खुट्टा राखेर आफ्नो आत्मालाई टेक्नुपर्ने विवशतामा क्षमायाचना यसप्रकार गर्नुपर्छ ।

समुद्रवसने देवि पर्वतस्तनमण्डले । विष्णुपत्नि नमस्तुभ्यं पादस्पर्शं क्षमस्व मे ॥ यसपछि मांगकि वस्तुहरुको दर्शन, माता, पिता, गुरु र आदरणीयहरुलाई नमस्कार गर्नुपर्छ । त्यसपछि शोचादिबाट निवृत भई राती लगाएको कपडा फेरी आचमन गर्नुपर्छ । पुनः भगवानको स्मरण गर्दै र निम्न श्लोक पढ्दै जलले मार्जन गर्नुपर्छ ।

अपवित्रः पवित्रो वा सर्वावस्थां गतोक पि वा । यः स्मरेत् पुण्डरीकाक्षं स वाह्याभ्यं तरः शुचिः ॥

शौचविधि : शोचादि कर्मबाट निवृत्तिपछि शुद्धिको लागि जल र मृतिकाको प्रयोग गर्नु आवश्यक छ । यस्तो शुद्धि पनि दुई किसिमको हुन्छ । आभ्यान्तर शौचशुद्धि र बाह्य शोचशुद्धि । जल र माटोले गरि ने शौचशुद्धिलाई बाह्य शोचशुद्धि भनिन्छ । कुनै वाधाव्यवधान बिना यो शुद्धि गर्नु आवश्यक छ । किनभने शौचाचार बिना गरिएका सबै किसिमका क्रियाहरु निष्फल हुन्छन् ।

शौचेयन्त : सदाकार्य : क्रिया ॥ मनोभाव शुद्ध राखी आभ्यान्तर शुद्धिलाई शौच शुद्धि मानिएको छ । कसैप्रति इर्ष्या, द्वेष, क्रोध, लोभ, मोह, घृणा आदि नहुनु आभ्यन्तर शौच हो । भगवान सबैमा विद्यमान छन् । तसर्थ कसैप्रति द्वेष, क्रोधादि र ाख्नु हुँदैन । सबैमा भगवानको दर्शन गैं हर परिस्थितिलाई भगवान्को वरदान सम्भी सबैप्रति मैत्रीभाव राख्नुपर्छ ।

स्नानाचार : दैनन्दिन सदाचारको एउटा अङ्ग स्नान पनि हो । स्वास्थ्य र पवित्रताको लागि स्नान आवश्यक छ । स्नान गर्ने विधान पनि दुई किसिमको छ, एउटा पवित्र नदी आदिमा स्नान गर्नु र अर्को घरमा स्नान गर्नु । नदी, तालमा स्नान गर्नुपूर्व सम्पूर्ण अंगमा माटो लागउँदै निम्न मन्त्र जप गर्नुपर्छ - अश्वक्रान्ति रथक्रान्ते विष्णुक्रान्ते वसुन्धरे । मृतिके हर मे पापं यन्मया दुष्कृतं कृतम् ॥ यसपछि नाभिपर्यन्त पानीमा गई, पानीको माथिको सतह हातले हटाई, कान र नाक बन्दगरी नदी प्रवाह वा सूर्यतर्फ हातले हटाई, कान र नाक बन्दगरी नदीप्रवाह वा सूर्यतर्फ फर्की स्नान गर्नुपर्छ । शिखा खोली तीन, पाँच, सात वा बाह्र पटक गोता लगाउनुपर्छ । तर पवित्र नदीमा वस्त्र निचोर्ने वा शौचकालको वस्त्र लगाएर नुहाउनु हुँदैन । त्यस्तै घरमा स्नान गर्दा स्नानपूर्व गंगा आदि पवित्र नदीहरुको निम्न मन्त्रद्वारा आव्हान गर्नुपर्छ । गंगे च यमुनेचैव गोदावरी सरस्वती । नर्मदे सिन्धु कावेरी जलेदस्मिन सन्निधंकुरु ॥ त्यसपछि स्नान गर्नुपर्छ । स्नानपछि शुद्धवस्त्र धारण गरी देवार्चन गर्नुपर्छ । ऊनी तथा कौशेय वस्त्र नधोइकन पनि शुद्ध मानिन्छ । अरुले लगाएको कपडा लगाउनु हुँदैन । धोती लगाएर मात्र सन्ध्यापूजन आदि कर्म गर्नुपर्छ ।

तिलक :- स्नानपछि कुश वा ऊनको आसनमा बसेर सन्ध्या पूजन, दान, होम, तर्पण आदि कर्म गर्नुभन्दा पहिला तिलक अवश्य लगाउनु पर्छ । तिलक नलगाई यी कर्म गर्दा निष्फल हुने बताइएको छ ।

शिखा बन्धन :– जहाँ शिखा राखिन्छ, त्यहाँ मेरुदण्ड स्थित ज्ञान तथा क्रियाशक्तिको आधार सुषुम्ना नाडी समाप्त हुन्छ । यो ठाउँमा टुपी राखेर त्यसलाई बन्धन गर्नाले मर्मस्थान क्रियाशक्ति तथा ज्ञानशक्ति सुर क्षित रहन्छ, जसलेगर्दा भजन, ध्यान, दानादि शुभकर्म सुचारु रुपले सम्पन्न हुन्छ ।

क्रमश......


## सडक डिभिजन कार्यालय भक्तपुरको अनुरोध

सार्वजनिक सडकमा निर्वाध रुपमा आवतजावत गर्न पाउनु सबैको नैसर्गिक अधिकार हो । तसर्थ यसको सम्बर्द्धन, सम्भार एवम् सुरक्षा गर्नु हामी सबैको साझा कर्तव्य हो । सडक सीमा अतिक्रमण गरी घर, टहरा लगायत अस्थायी एवम् स्थायी संरचनाहरु निर्माण गर्नु सार्वजनिक अपराध हो । साथै यातायात आवागमनमा बाधा पुग्ने गरी सडक सीमाभित्र निर्माण सामाग्रीहरु सडकमै थुपार्ने, सडकमै सवारीसाधन धुने, सडक नाली पुरी बाटो बनाउने तथा ढल मिलाउने एवम् फोहोरमैला डम्प गर्ने कार्यजस्ता आदि नगर िदिनुहुन तथा सडकमा लिकेज भएका खानेपानी तथा ढलका पाइपलाइनहरु सम्बन्धित निकायबाट यथाशिघ्र मर्मत तथा सम्भार गरिदिनु भई सडक संर क्षण गर्ने कार्यमा सहयोग गरिदिन सबै सरोकारवाला पक्षहरुसँग हार्दिक अनुरोध गरिन्छ ।

नेपाल सरकार

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

सडक डिभिजन कार्यालय भक्तपुर

## सडक डिभिजन कार्यालय काठमाडौं– २ को अनुरोध

सार्वजनिक सडकमा निर्वाध रुपमा आवतजावत गर्न पाउनु सबैको नैसर्गिक अधिकार हो । तसर्थ यसको सम्बर्द्धन, सम्भार एवम् सुरक्षा गर्नु हामी सबैको साझा कर्तव्य हो । सडक सीमा अतिक्रमण गरी घर, टहर ा लगायत अस्थायी एवम् स्थायी संरचनाहरु निर्माण गर्नु सार्वजनिक अपराध हो । साथै यातायात आवागमनमा बाधा पुग्ने गरी सडक सीमाभित्र निर्माण सामाग्रीहरु सडकमै थुपार्ने, सडकमै सवारीसाधन धुने, सडक नाली पुरी बाटो बनाउने तथा ढल मिलाउने एवम् फोहोरमैला डम्प र्ने कार्यजस्ता आदि नगरीदिनुहुन तथा सडकमा लिकेज भएका खानेपानी तथा ढलका पाइपलाइनहरु सम्बन्धित निकायबाट यथाशिघ्र मर्मत तथा सम्भार गरिदिनु भई सडक संरक्षण गर्ने कार्यमा सहयोग गरिदिन सबै सर ोकारवाला पक्षहरुसँग हार्दिक अनुरोध गरिन्छ ।

नेपाल सरकार

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

सडक डिभिजन कार्यालय –२

टेकु, काठमाडौं

## आदिनाथ माध्यमिक विद्यालयको भवन उद्घाटन



कीर्तिपुरको चोभारस्थित आदिनाथ माध्यमिक विद्यालयको १८ कोठायुक्त तीन तले भवनको काठमाडौं क्षेत्र नम्बर १० का सांसद राजेन्द्रकुमार केसीले गत फागुण १ गते शनिबार उद्घाटन गर्नुभयो।

'आफैले अक्षर चिनेको यस विद्यालयको विकासमा आजसम्म जसरी सघाउँदै आएँ, भोलि पनि आर्थिक-भौतिक, वैचारिक विभिन्न तरिकाले सघाउनेछु' उद्घाटनपछि सम्बोधन गर्दै सांसद केसीले भन्नुभयो।

सरस्वती पूजाका दिन पारेर गरिएको यस उद्घाटन कार्यक्रममा स्वागत मन्तव्य तथा प्रगति विवरण दिँदै प्रधानाध्यापक जुजुभाइ महर्जनले काठमाडौंको दक्षिणी भेगकै सामुदायिक विद्यालयमा आदिनाथ विद्यालय अग्रस्थानमा रहेको तथ्यांक प्रस्तुत गर्नुभएको थियो। विद्यालयका पूर्व शिक्षक डा. नेत्र पौडेलले लामो समयसम्म विद्यालयमा सेवा गरेको स्मरण गर्दै आफू र आफूजस्ता दर्जनौं शिक्षक-अभिभावकको योगदान र वर्तमानका प्रधानाध्यापक एवं शिक्षक-शिक्षिकाको मेहनतका कारण विद्यालयले प्रगति गरेको बताउनुभयो। उहाँले विद्यालयले आज आलिशान महल पाउनुमा विद्यालयमा योगदान दिने सबैको उत्तिकै योगदान रहेको विश्लेषण गर्नुभयो। विद्यालय व्यवस्थापन समितिका कार्यवाहक अध्यक्ष सरोज शाक्य, जि.शि.अ शंकर बहादुर गौतम, कीर्तिपुर नगर पालिकाका लेखाअधिकृत सानुबाबु परियार, कालिञ्चोक गणका सशस्त्र प्रहरी प्रमुख दुर्गाप्रसाद भट्टराई, कीर्तिपुर महानगरीय प्रहरी वृत्त प्रमुख डा. मेखबहादुर केसी, सञ्चारविद प्रकाशजंग कार्कीले पनि कार्यक्रममा सम्बोधन गर्नुभएको थियो।

कार्यक्रममा स्थानीय बुद्धिजीवी तथा संघसंस्थाका प्रतिनिधिको उपस्थिति थियो।

सहभागीहरुले विद्यालयले भूकम्प प्रतिरोधात्मक भवन पाएकोमा प्रसन्नता व्यक्त गर्दै विद्यार्थी बढाउने प्रयास भने बढाउनुपर्ने सुझाव दिएका थिए। अहिले विद्यालयमा ४ सयभन्दा पनि कम विद्यार्थी रहेको र पछिल्लो पटक प्रवेशिकामा केवल २३ विद्यार्थी मात्र जानसकेको बताइएको छ।

सहभागी तथा वक्ताहरुले विद्यालयको आधुनिक भवनको निर्माणमा योगदान दिने तर तयारी अवस्था भने देख्न नपाउँदै दिवंगत भएका व्यवस्थापन समिति अध्यक्ष शिशिर धितालको सम्झना गर्दै श्रद्धाञ्जली प्रकट गरेका थिए।

## कीर्तिपुर बहुउद्देश्यीय सहकारी र युवा नेत्र सेवाद्वारा आँखा शिविर सम्पन्न




कीर्तिपुर बहुउद्देश्यीय सहकारी संस्था लि. र युवा नेत्र सेवाको संयुक्त आयोजनामा निःशुल्क आँखा परीक्षण तथा निःशुल्क औषधी वितरण कार्यक्रम गत फागुण १ गते शनिवार नगरमण्डप श्रीकीर्ति विहार नयाँबजारमा सम्पन्न भयो।

कीर्तिपुर बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष श्री दिल बहादुर महर्जनले उक्त कार्यक्रमको उद्घाटन गर्नुहुँदै वहाँले सहकारी संस्थाबाट सामाजिक कार्य अन्तरगत पहिले पनि मधुमेह रोगलाई ध्यानमा राखी सदस्यहरूको प्रश्नावलीबाट तथ्याङ्क संकलन गरी सदस्यहरूमा जनचेतना मूलक कार्यक्रम गरेको र कीर्तिपुर नगरपालिका वडा नं. १ बाघभैरव स्थानमा सहकारी संस्थाको आयोजनामा तथा नेपाल डाइटिसियन संघको सहयोगमा मधुमेह रोग सम्बन्धी सन्तुलित स्वास्थ्य आहार प्रदर्शनी कार्यक्रम गरेको जानकारी दिनुभयो। कीर्तिपुर क्षेत्रका जनसमुदायले निःशुल्क आँखा परीक्षण कार्यक्रममा सहभागी हुनु भई स्वास्थ्य लाभ गर्न सकोस र उपस्थित आँखा परिक्षणमा आउनु भएका जनसमुदायहरू र युवा नेत्र सेवा टिममा आउनु हुने स्वास्थ्यकर्मीहरू र संस्थाका स्वास्थ्य सेवा उपसमिति र श्रीकीर्ति विहारलाईसमेत धन्यवाद दिनुभयो।

उक्त कार्यक्रम युवा नेत्र सेवाका अध्यक्ष तथा नेत्र अधिकृत श्री सिद्धार्थ रंजितको नेतृत्वमा डा. रिता राजभण्डारीबाट आँखा परीक्षण र युवा नेत्र सेवाका ९ जना टीमबाट आँखा परीक्षण तथा निःशुल्क औषधी वितरण कार्य भएको थियो। युवा नेत्र सेवाका अध्यक्ष श्री सिद्धार्थ रंजितले विगत १७ वर्ष देखि युवा नेत्र सेवा टिमबाट कीर्तिपुरमा निःशुल्क आँखा परिक्षण सेवा दिँदै आएको बताउनु भयो।

उक्त कार्यक्रममा १८० जना व्यक्तिहरूले आँखा परीक्षण सुविधा प्राप्त गरेको थियो।

## स्वाइन फ्लू सम्बन्धी डा. भगवान कोइरालाको सार्वजनिक अपिल



यो पोस्ट स्वाइन फ्लुसंग सम्बन्धित भएको हुँदा जनचेतनाको लागि राखिएको छ –सम्पादक

नेपालमा पनि स्वाइन फ्लूको प्रकोप हुने लक्षण देखा परिरहेको छ। यस सन्दर्भमा डा. भगवान कोइरालाले सार्वजनिक अपिल गर्नु भएको छ। उहाँका अनुसार Swine Flu लागेको खण्डमा तुरुन्त नजिकैको स्वास्थ कार्यालयमा सम्पर्क गर्नुहोस्। उपचार गर्न ढिलो गर्दा ज्यान समेत जान सक्छ।

**१. कसलाई सबैभन्दा बढी Swine Flu ले ग्रस्त पार्छ ?**

–जो संग Immunity कम छ अर्थात् जोसंग सामान्य जिवाणु संग पनि लड्न सक्ने छमता कम छ, उसलाई Swine Flu को असर बढी देखिन्छ। (बुढा-बुढी (खासगरी ६५ बर्ष भन्दा माथिका) –बच्चा-बच्ची (पांच बर्ष भन्दा मुनिका) –गर्भवती महिला –विभिन्न किसिमका दिर्घ रोगि (थला परेर घरमै बस्नु परेका बिरामी र धेरै लामो समयका sugar का रोगि र श्वास-प्रश्वाश सम्बन्धिका बिरामी र kidney failure का बिरामी र अन्य धेरै)

**२. Swine Flu लाग्न नदिन के-के गर्नु पर्छ ?**

-अरुलाई (खासगरी रुघा खोकीका बिरामीलाई) छोएपछि तुरुन्त साबुन पानीले राम्रोसंग हात धुनुपर्छ। –हात नधोइकन मुखमा, आँखामा, वा नांकमा हात लैजानु हुँदैन। –भिड भाडमा सकेसम्म जानु हुँदैन। जानै परे mask लगाएर जानुपर्छ। –आँफुले खोक्दा वा हाच्छ्यु गर्दा कागजको रुमाल प्रयोग गर्नुपर्छ। एउटा रुमाल एक पटक भन्दा बढी (सकेसम्म) प्रयोग गर्नु हुँदैन।

**३. Swine Flu का लक्षणहरु:**

–Swine Flu र सामान्य रुघा खोकीका लक्षणहरु प्राय उस्ता-उस्तै हुन्छ। तर Swine Flu ले आक्रमण छिट्टो गर्छ। लामो समयसम्म शरीरलाई कम्जोर बनाउछ। सामान्य रुघा खोकिमा जस्तै ज्वरो आउने, टाउको दुख्ने, खोकी लाग्ने, घाँटी खस-खस पार्ने भए पनि Swine Flu मा त्यहि समस्या अलिक कडा देखिन्छ। कसै-कसैलाई बान्ता र झाडा पखाला पनी सँगै हुन्छ। अधिकांस case हरुमा बिरामीले Swine Flu र सामान्य रुघा खोकीमा फरक छुट्याउन सक्दैनन्। –यदि तपाइलाई swine flu को जस्तो लछण देखिएको छ भने परिवारको अरु सदस्यबाट टाढा बस्नु र म्रो हुन्छ।

**४. पांच बर्ष भन्दा सानो बच्चा-बच्ची जो आँफुलाई गाह्रो भएको कुरा राम्रोसंग भन्न सक्दैनन् उनीहरुमा देखिने लक्षणहरु :** –छिटो-छिटो सास फेर्ने वा सास फेर्न गाह्रो भएजस्तो गर्ने। ज्वरो आउने। अलि बढी झगडा गर्ने, रोइ कराई गर्ने र फकाउंदा झट्टै नफक्रिने। थकित जस्तो देखिने। राम्रोसंग खान र खेल्न मन नगर्ने। रुघा-खोकीको लक्षण देखिने।

**५. यसको उपचार के छ ?**

–Swine Flu को औषधि छ। यदि समयमै खाए, औषधिले पूर्ण रुपमा निको पार्छ। ("सामान्य रुघा लाग्या होस रुघा त पाक्न दिनुपर्छ" भनेर गल्ति नगर्नुहोस्। –खासगरी स-सानो बच्चा-बच्ची, बुढा-बुढी, गर्भवती, विभिन्न रोगका कारण थला परेर बसेका र रोगि र अन्य रोगबाट ग्रसित भैर खेकाहरुको सकेसम्म छिट्टो




उपचार गर्नु पर्छ। यस्ता समुहका बिरामीहरुलाई लक्षण देखिएको ४८ घण्टा भन्दा बढी उपचार नगरी घरमै राख्दा ज्यान समेत जान सक्छ।–Swine Flu लागेकाले सबैले Antiviral औषधिनै खानु पर्छ अरुका कुरा नसुन्नुहोस् Swine Flu लागेको जस्तो लागेमा तुरुन्त डाक्टरलाई सम्पर्क गर्नुहोस्। Swine Flu लागेकाको सबैको ज्यान जादैन राम्रो Immunity भएका र पहिले (६ महिना भित्र) सोहि Virus बाट expose भै सकेकाहरुलाई Swine Flu ले सुरुमा असर गरे पनि पछि आँफै निको हुन सक्छ। हामी सबैमा रोगसंग लड्ने क्षमता एकै नाशको हुँदैन। त्यसैले कुनै व्यक्ति Swine Flu लागेर निको भएको छ भने, उसको सल्लाहमा पनि भर नपर्नुहोस्। बजारमा यो खाएर निको हुन्छ र त्यो खाएर निको हुन्छ भनेर अनेक तर्क गरिन्छ, त्यसको पछि नलाग्नुहोस्। गलत सल्लाहमा आँफुलाई प्रयोग गर्दा ज्यान जान सक्छ।

# त्रिविविमा प्राध्यापकहरको रिले अनसन

त्रिभुवन विश्वविद्यालय कीर्तिपुरले २०७२ भाद्र २४ गते र २०७२ असोज १५ गतेको गोरखापत्र दैनिकमा प्रकाशित ०८/२०७२-०७३ विज्ञापनले विशेष आन्तरिक प्रतियोगिताबाट करारमा रहेका शिक्षकहरुलाई स्थायी गर्ने विज्ञापनको विरुद्ध सर्वोच्च अदालतमा मुद्दा परेर विचाराधिन अवस्थामा र हँदा पनि सो विज्ञापनलाई कार्यान्वयन गर्न लागेको भनी केही प्राध्यापकहरुले गत माघ २१ गतेदेखि रिले अनशन सुरु गरेका छन ।

सो विज्ञापनलाई रद्द गर्ने माग गर्दै नयाँ शक्ति निर्माण अभियानका लागि त्रि.वि.का प्राध्यापकहरुले रिले अनशन सुरु गरेका छन् । जुन अहिले पनि जारी रहेको छ । उनीहरुको मांगका केही अंश :

१) त्रि.वि.मा विशेष आन्तरिक भर्ना राजनैतिक रङ्ग धारण गरेका व्यक्तिलाई उपप्राध्यापक पदमा नियुक्ति गर्ने प्रक्रिया गैर कानुनी तथा त्रि.वि. सेवा नियम विपरितको भ्रष्टाचारजन्य कार्य हो । त्रि.वि. तथा समग्र उच्च शिक्षामा राजनैतिक हस्तक्षेप जन्य कार्यको अन्त्य हुनुपर्छ ।

२) त्रि.वि. तथा समग्र विश्वविद्यालयहरुको उच्च शिक्षालाई सेन्टर फर एक्लेन्सको अवधारणामा परिणत गर्नु पर्दछ ।

३) त्रि.वि. तथा समग्र उच्च शिक्षासँग सरोकार राख्ने स्थानीय निकायका विचमा भए गरेका सहमतिको अक्षरस पालना गरी स्थानीय तथा सरोकार पक्षलाई जिम्मेवार तथा उत्तरदायी बनाउन प्रेरित गर्नुपर्दछ ।

४)उच्च शिक्षालाई अनुसन्धानमुखी बनाउनु पर्दछ ।

५) त्रि.वि. तथा उच्च शिक्षा लगायत राज्यका सबै निकायहरुमा एक व्यक्ति एक पद तथा जिम्मेवारीको अवधारणालाई तुरुन्त पालना गर्नु पर्दछ ।

# नेवाः पत्रकारको दोस्रो अधिवेशन कीर्तिपुरमा गर्नका लागि कीर्तिपरका पत्रकारहरु सक्रिय



नेवाः पत्रकारहरुको राष्ट्रिय संगठन नेवाः पत्रकार राष्ट्रिय दबूको दोस्रो अधिवेशन कीर्तिपुरमा आउदो बैशाख ११ गते लोकतन्त्र दिवसको दिनमा भव्य रुपमा सम्पन्न गर्न र कीर्तिपुर पत्रकार समाजलाई अगाडी लानका लागि कीर्तिपुरका पत्रकारहरुको एक भेलाले पत्रकार समन्वय समिति गठन गरेको छ । सो समन्वय समितिको संयोजन गर्न नेवाः पत्रकार राष्ट्रिय दबूया केन्द्रीय सदस्य ज्ञानकुमार महर्जन, कीर्तिपुर दर्पण साप्ताहिकका सम्पादक देवराज महर्जन र कीर्तिपुर सन्देश साप्ताहिकका प्रकाशक नजर राम महर्जनलाई चयन गरेको थियो । सो सयन्त्रको सदस्यहरुमा  कीर्तिपुरका पत्रकाररु पत्रकारत नविन जोशी, ललेन्द्र शाक्य, रामभोला महर्जन, राजेश शाक्य, प्रताप महर्जन, राजमान महर्जन, शरवकुमार महर्जन, पौभाः डंगोल, वीरप्रसाद भन्सारी, गौतम महर्जन, राज्यरत्न बज्राचार्य, नारायण महर्जन, रिता महर्जन, ज्ञानवहादुर महर्जन, जितेन्द्र महर्जन र श्रीकृष्ण तण्डुकार रहनु भएको छ ।







# अविश्रान्त पाइला



अशोक शोकी

आज किन ? कसरी ? खोजी नितीबाट भौतिक साधन उत्पादन गरी वैज्ञानिक पदवीको उपाधि पाउन सफल विशिष्ट व्यक्तिहरूबाट भौतिक साधन र यन्त्र निर्माण भएका छन् । यो युग वैज्ञानिक युग हो । किन ? कसरी ? प्रश्नको उत्तरलाई प्रश्न बनाएर खोजीनिती, सोच र कल्पनाद्वारा कल्पित नयाँ चीज तथा साधन आविष्कार गरेका छन् ।

जस्तै चराहरू किन, कसरी उड्दछन् ? चराहरूमा ११२ फरेनहाइड तापक्रम हुन्छ । मानिसमा ९८ फरेनहाइड हुन्छ । १०० फरेनहाइड भयो भने ज्वरो आयो भन्छौं । भित्रको तापक्रम बाहिर निस्कनुलाई ज्वरो आएको भनिन्छ । एकै ठाउँमा धेरैबेर बस्दा गर्मी हुने भएकाले चराहरू यताउता उडिरहन्छन् । हावामा पानी हुनाले जमिनभन्दा चिसो हुन्छ । चराहरू उड्दा शीतलको महसुस हुन जान्छ । बसे पनि प्रायः रूखमा वा रूखको छहारीमा बस्छन् । कुनै वस्तुको आयतन बढी भयो भने हलुङ्गो हुन्छ । हलुङ्गो चीज माथि जान्छ । सानो चराले पखेटा बढी चलाउनुपर्छ । ठूलो चराले पखेटा कम चलाउँछ । पखेटा चलाउँदा हावाको चापले माथि धकेल्दछ । चराहरू त्यसरी नै उड्छन् ।

यसरी नै हवाईजहाजको इन्जिनले हावा भित्र तान्छ । हावा निकै कोचिएर तातिन्छ । हावा फैलिएर चाप बढ्न पुग्छ । इन्जिनभित्र रहेको चापले गर्दा हवाईजहाज अगाडि बढ्छ ।

सूर्य पूर्वबाट उदय हुने भएकोले पहिलो घाम पर्ने हावाको पानी सोसिनाले त्यस ठाउँको हावा हलुङ्गो हुन्छ । गह्रौं ठाउँको हावा हलुङ्गोतिर अर्थात् पातलोतिर बहन्छ । फागुन र चैतमा हावाको वेग बढ्नाले हुरी चल्दछ । जाडोबाट गर्मी याम सुरु हुनु पृथ्वी सूर्यको नजिक हुँदै जानु हो । चिसो हावामा पानीको मात्रा बढी हुन्छ । सूर्य नजिक हुँदै आउँदा चिसो हावाको पानी बढी सोसिन थाल्छ; बिस्तारै हावाको वेग बढेर हुरीको रूप लिन्छ ।

कतिपय प्रकृतिको स्वभावबाट आफसेआफ क्रमबद्ध रूपमा प्रक्रिया चलिरहन्छ । प्राणीजगत्मा पाँच ज्ञानेन्द्रिय पाँच यन्त्र हुन्, चुम्बकीय(उत्तर-दक्षिण ध्रुव एकआपसमा आकर्षित भएझैं प्राणी यसको आशक्तिबाट तानिएर पछि लागेको हुन्छ । असिना पर्दा माटोमुनिको बीउ र ठूलो वृक्षलाई त्यति असर पर्दैन, भर्खर पलाएका टुसालाई असर पर्छ ।

यसरी हरेक कारणबाट परिणामको जन्म हुन्छ । कारण प्रश्न हो भने परिणाम त्यसको उत्तर हो । हरेक परिणामलाई 'किन' को नटुङ्गिने प्रश्नको रूप दियो भने यो कहिल्यै टुङ्गिँदैन । हरेक भोलि आज भएर हिजो हुन्छ । 'हिजो' 'आज' 'भोलि' आइरहन्छ, गइरहन्छ । यो स्वाभाविक प्रक्रिया हो ।

संसार अथाह छ, वर्णन गरी साध्य छैन । बुझ्नै कठिन छ । बुझ्यो झन् कठिन छ । एउटै वस्तुको उत्तरमाथि प्रश्न खडा हुन्छ भने हरेक प्रश्नको उत्तर हुन्छ । उत्तरमाथिको प्रश्न कहिले कटुङ्गिन्छ ? यो असन्तोषी मनले किन, कसरी यात्रा गरिरहन्छ, नटुङ्गिने यात्रामा अविश्रान्त पाइला चालिरहन्छ ।

# सौर्यऊर्जा सम्बन्धी सार्वजनिक सूचना

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र (AEPC) ले विभिन्न दातृ निकाय र नेपाल सरकारको सहयोगमा विगत १५ वर्षदेखि नवीकरणीय ऊर्जाको प्रवर्द्धन गर्दै आएको छ । नवीकरणीय ऊर्जाका विभिन्न प्रविधिहरु मध्ये सौर्य ऊर्जा प्रणालीको विस्तार ग्रामीण क्षेत्रमा मात्र नभई शहरी क्षेत्रमा समेत भइरहेको परिप्रेक्षमा सौर्य ऊर्जा प्रणालीको छनोट गर्न सजिलो होस् भनी सर्वसाधारणको लागि यो सूचना प्रकाशित गरिएको हो ।

–सौर्य ऊर्जाबाट विद्युत उत्पादन गर्ने मुख्य उपकरणहरु सौर्य पाता (PV Module), ऊर्जा संचित गर्ने ब्याट्रि बत्तीहरु र चार्ज कन्ट्रोलर नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान अन्तर्गतको नवीकरणीय ऊर्जा परीक्षण केन्द्रबाट परीक्षण भएको हुनुपर्छ ।

–सौर्य प्रणालीको सही छनोट गर्न ब्भ्एऋ ले प्रकाशित गरेको Solar Design Guideline तथा Template Excel Sheet को सहायता लिन सकिने तथा उक्त दुवै निर्देशिकाहरु वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको Website: www.aepc.gov. np बाट प्राप्त गर्न सकिनेछ ।

–सही र गुणस्तर भएको सौर्य ऊर्जाको प्रणाली जडान गर्न निजी कम्पनीहरु र सम्बन्धित क्षेत्रका प्राविधिकहरुसँग परामर्श गर्न सजिलो हुन्छ ।

नेपाल सरकार

विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय

**वैकल्पिक ऊर्जा प्रबर्द्धन केन्द्र**

फोन नं.: (९७७) ०१-५५३९३९०, ५५३९३९१, ५५२९२३७, website: www.aepc.gov.np. जिपिओ बक्स : १४३६४, खुमलटार, ललितपुर, नेपाल

नेपाल सरकार

कृषि विकास मन्त्रालय

## कृषि तथा खाद्य सुरक्षा आयोजना

कृषि तथा खाद्य सुरक्षा आयोजना बहुदाताहरुको सहयोगमा स्थापित Global Agriculture and Food Security program (GAFSP) को अनुदान सहयोगमा नेपाल सरकार, कृषि विकास मन्त्रालय मार्फत मुख्य रुपमा कार्यान्वयनमा रहेको छ । पाँच वर्ष यो आयोजना आ.ब. २०७०/०७१ देखि जिल्लास्तर (जुम्ला, डोल्पा, हुम्ला, कालिकोट, मुगु, रुकुम, रोल्पा, प्यूठान, सल्यान, सुर्खेत, दैलेख, जाजरकोट, बझांग, बाजुरा, बैतडी, डडेलधुरा, डोटी, दार्चुला, अछाम) मा कार्यान्वयन भइरहेको र आयोजनाको सुपरिवेक्षमा विश्व बैंके गर्दै आएको छ । कृषि तथा पशुजन्य पदार्थको उत्पादन तथा उत्पादकत्व बढाई खाद्यान्न तथा पौष्टिक खाद्य पदार्थको उपलब्धता र पहुँच बढाउनुका साथै खाद्य पोषण सम्बन्धी आनिवानीमा परिवर्तन ल्याई लक्षित वर्गको समग्र खाद्य तथा पोषण सम्बन्धि अबस्थामा सुधार ल्याउने उद्देश्य आयोजनाको रहेको छ । आयोजना अन्तर्गत आ.व. २०७१/०७२ देखि साा अनुदान कार्यक्रमको कार्यान्वयन जिल्लास्तरमा भईरहेको तथा चालु आ.व.२०७२/०७३ मा पनि साना अनुदानको कार्यक्रम आयोजना लागु भएका जिल्ला र सम्बन्धित गा.वि.स.मा सुचारु हुने भएकोले यस विषयमा सम्बन्धित जिल्ला कृषि विकास कार्यालयहरु, जिल्ला पशु सेवा कार्यालयहरु र जिल्ला जन स्वास्थ्य कार्यालयहरु, सो क्षेत्रका क्षेत्रिय निर्देशनालयहरु (कृषि, पशु सेवा) तथा आयोजना व्यवस्थापन कार्यालयमा सम्पर्क गरी जानकारी लिनु हुन अनुरोध छ ।

आयोजना व्यवस्थापन कार्यालय, गैरीधारा, काठमाडौं

फो.न. : ९७७-०१-४००४०७५/७६

फ्याक्स नं. : ९७७-०१-४००४०७८

website : www.afsp.gov.np

## भावपूर्ण श्रद्धाञ्जली



जन्म: वि.सं. २०१५/०५/०७

निधन वि.सं. २०७२ /१०/१७

**स्व. मनकुमारी महर्जन**

यस सहकारी संस्थाका शेयर सदस्य श्री भक्त महर्जनका पुज्यनीय आमा **श्रीमती मानकुमारी महर्जन**को २०७२ माघ १७ गते ५७ वर्षको उमेरमा असामयीक निधन भएकोमा हामी साथीहरु मर्माहत भएका छौं । साथै यस दुःखद् घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

**बालकुमारी बचत तथा ऋण सहकारी संस्था लि.**

**नगाउँ, कीर्तिपुर -१६**

**फोन नं.०१४३३६२८६**

## भावपूर्ण श्रद्धाञ्जली



वि.सं. १९८१

स्वार्गारोहन २०७२ माघ २२ गते

**स्व. धनवहादुर महर्जन**

यस संस्थाका सदस्य श्री इन्द्रलाल महर्जनको पिता, सदस्य श्रीमति छल्कुमाया महर्जनको ससुरो, सदस्य श्री किशोर कुमार महर्जनको हजुर बुबा **धनवहादुर महर्जन**को यहि २०७२ माघ २२ शुक्रवारको दिन असामयीक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोक सन्तप्त परिवार जनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

**लुमन्ति वचत तथा ऋण सहकारी संस्था लि.**

नयाँबजार, कीर्तिपुर–१७

फोन नं. ४३३४०८२

## भावपूर्ण श्रद्धाञ्जली



जन्म: वि.सं. २०२३/०५/१०

निधन वि.सं. २०७२ /१०/२२

**स्व. कान्छी महर्जन**

हाम्रा कार्यालय सहयोगी श्री दिपेन्द्र महर्जनको धर्मपत्नी **कान्छी महर्जन**को २०७२ माघ २२ गते अल्पायुमै असामयीक निधन भएकोमा गहिरो दुःख प्रकट गर्दै आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीर शान्तिको कामनाका साथ उहाँप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद् घडीमा शोक सन्तप्त परिवारमा धैर्यधारण गर्ने शक्ति प्राप्तहोस् भन्ने कामना सहित समवेदना व्यक्त गर्दछौं ।

**कीर्तिपुर नगरपालिका**

**वडा नं.१३ र १४ परिवार**

# हार्दिक बधाई



**श्री दिनेश दर्शनधारी**

Thailand मा हुन गैरहेको Box office Film Fare Award मा "बागमती" चलचित्रका निर्माता श्री दिनेश दर्शनधारीज्यू वर्षका ५ उत्कृष्ट निर्माताहरुमा पर्न सफल हुनुभएकोमा हार्दिक बधाई एवं शुभकामना ।




पद्ममिनि
*Jewellers*



अहिले पनि पद्ममिनिको गहना जहिले पनि

सुन भनेको विश्वास हो

२४ क्यारेट भनेर किने पछि
२४ क्यारेट नै हुनुपर्छ

सुनका गहना, आर्कषक
डिजाईन र भरपर्दो हुनुपर्छ

स्थान : त:ग वपी,नगाउँ दोबाटो, कीर्तिपुर-१७
सम्पर्क : ९८०२०१२७८०